# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल

प.सः २०८३/०८४
च.नं.

**समुदायमा आधारित पुनःस्थापना सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना**

प्रकाशित मिति २०८३/ ०४/ २९

यस अर्जुनधारा नगरपालिकाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र उक्त मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि छनौट गरेको कार्यक्रमको साझेदार संस्थासँगको लागत साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको लागि आवश्यक तपसिलको पदमा खुला तथा समावेशी (अपाङ्गता) प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त फाराम भर्न आह्वान गरिएको छ । अर्जुनधारा नगरपालिकाले तोकेको दरखास्त फाराममा भर्नुपर्ने सम्पूर्ण विवरणहरु भरी पासपोर्ट साइजको फोटो २ प्रति टाँस गरी सोका साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको रसिदको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्व विद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी सात दिनभित्र अर्जुनधारा नगरपालिकाको कार्यालय समक्ष पेश गर्नुपर्नेछ ।

रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उमेद्वारहरुको दरखास्त उपर कुनै कारवाही हुनै छैन । झुटा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सोको जवाफदेही दरखास्तवाला स्वयं हुनुपर्नेछ ।

<u>तपसिल</u>

विज्ञापन नं., पद र माग संख्या :-

| सि नं. | वि. नं. | पद | किसिम | माग संख्या |
|---|---|---|---|---|
| १ | | समुदायमा आधारित पुनःस्थापना (सिविआर) | खुला | १ |
| २ | | | समावेशी (अपाङ्गता) | १ |

1. सेवाको अवधि :- अस्थायी (करार सेवा)
2. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव

फोन नं : ०२३-५९७००२/ ०२३-४६५५०२
इमेल:arjundharamun@gmail.com/ info@arjundharamun.gov.np
वेभसाइटः www.arjundharamun.gov.np

अनोज कुमार घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

- नेपाली नागरिक
- मान्यताप्राप्त शिक्षण संस्थाबाट न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको
- पुरुषका हकमा १८ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
- सम्बन्धित स्थानीय तहको बासिन्दा हुनुपर्ने तर छनौट गर्दाका बखत उल्लिखित योग्यता भएका स्थानीय व्यक्तिहरुबाट निवेदन नआएमा अन्य स्थानीय तहमा रहेका योग्यता पुगेको व्यक्तिहरु मध्येबाट यस मार्गदर्शन बमोजिमको प्रक्रिया पुरा गरी सहजकर्ता छनौट गर्न बाधा नपर्ने,
- नियमित रुपमा तोकिएको फिल्डमा गएर काम गर्नसक्ने
- नियमित रुपमा अपाङ्गता भएका व्यक्तिहरुको घरदैलोमा गएर अपाङ्गता भएका व्यक्ति र निजका परिवारलाई आवश्यक परामर्श, सहजिकरण र समन्वय गर्न सक्ने ।
- कम्प्युटर तथा कागजी दुवै स्वरुपमा तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन तयार गर्नसक्ने ।

3. तलव सुविधा तथा अन्य सेवा शर्त : मासिक रु २८,२२५/- अक्षरेपी रु अठ्ठाइस हजार दुई सय पच्चीस रुपैया मात्र र अन्य सेवा सुविधा करार करार सम्झौतामा उल्लेख गरिए बमोजिम ।
4. उम्मेद्वारको उमेर

- महिला र अपाङ्गता भएका व्यक्तिहरुको हकमा दरखास्त दिन अन्तिम मिति अर्थात मिति २०८३/०५/१४ सम्ममा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको ।
- पुरुषको हकमा दरखास्त दिन अन्तिम मिति अर्थात मिति २०८३/०५/१४ सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको ।

5. उम्मेद्वारको छनौट विधि : लिखित परीक्षा कम्प्युटर सीप परिक्षण तथा प्रत्यक्ष अन्तर्वार्ता ।
6. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनुपर्ने स्थान

- अर्जुनधारा नगरपालिका कार्यालयबाट दरखास्त फाराम प्राप्त गरी उक्त फाराम भरी बुझाउनुपर्नेछ ।
- समावेशी (अपाङ्गता) तर्फ फाराम बुझाउने उम्मेद्वारले प्रचलित कानून बमोजिम जारी भएको अपाङ्गता परिचयपत्रको प्रमाणित प्रतिलिपि समेत दरखास्त फारामसाथ पेश गर्नुपर्नेछ ।

अनिल कुमार घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल

प.सः २०८३/०८४
च.नं.

7. परीक्षा दस्तुर : खुला र समावेशी (अपाङ्गता) मध्ये कुनै एक समुहका लागि रु ५००/- खुलासँगै समावेशी (अपाङ्गता) सिटमा थप रु.२००/-
8. परीक्षा दस्तुर बुझाउने प्रक्रिया :- अर्जुनधारा नगरपालिकाको राजश्व शाखामा दस्तुर जम्मा गरी अर्धकट्टी दरखास्त फारामसाथ पेश गर्नुपर्नेछ ।
9. दरखास्त फाराम भर्ने मिति : २०८३/०४/२९ देखि २०८३/०५/१४ सम्म
10. परीक्षासञ्चालन हुने मिति समय र स्थान : दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिएको ३ दिनभित्र टेलिफोन गरी जानकारी गराइनेछ ।साथै अर्जुनधारा नगरपालिकाको सुचना पाटीमा समेत टाँस गरिनेछ ।
11. पाठ्यक्रम : दरखास्त फारामसँगै प्राप्त गर्न सकिने ।
12. शैक्षिक योग्यता अनुभव तथा अन्य प्रमाणपत्रहरुका सम्बन्धमा दरखास्त बुझाएको दिनसम्म जारी भएकोलाई मात्र मान्यता दिइनेछ ।
13. आवेदन स्वीकृत/ अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार अर्जुनधारा नगरपालिकालाई हुनेछ ।
14. दरखास्त फाराम भर्दा आउने अस्पष्टताको सम्बन्धमा अर्जुनधारा नगरपालिकको कार्यालयमा आइ बुझ्न सकिनेछ ।

अनोज कुमार घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

फोन नं : ०२३-५९७००२/०२३-४६५५०२
इमेल:arjundharamun@gmail.com/ info@arjundharamun.gov.np
वेभसाइट:www.arjundharamun.gov.np